# त्रिभुवन विश्वविद्यालय
# विकेन्द्रीकरण नियम, २०५५

(२०७३।३।२६ गतेको संशोधन सहित)

# त्रिभुवन विश्वविद्यालय
# विकेन्द्रीकरण नियम, २०५५

(२०७३।३।२६ गतेको संशोधन सहित)

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०५५

# विषय सूचि

| विषय | पेज |
|---|---|
| १. प्रारम्भिक | १ |
| २. अध्ययन संस्थान,सङ्काय तथा अनुसन्धान केन्द्रमा व्यवस्थापन तथा विकास परिषद्को गठन | ३ |
| ३. अध्ययन संस्थान,सङ्काय कार्यान्वयन समितिको गठन | ९ |
| ४. आङ्गिक क्याम्पसका व्यवस्थापन समितिको गठन | १४ |
| ५. आङ्गिक क्याम्पसमा कार्य समितिको गठन | १७ |
| ६. एकमुष्ठ अनुदान | २२ |
| ७. विविध | २३ |

# त्रिभुवन विश्वविद्यालय
# विकेन्द्रीकरण नियम, २०५५

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा ५ (ज), १० (च) र दफा ३४ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय सभाले देहायका नियमहरू बनाएको छः

## परिच्छेद – १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो नियमको नाम "त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण नियम, २०५५" रहेको छ ।

(२) यो नियम कार्यकारी परिषदले तोकेको मितिदेखि तोकिएको अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र र आङ्गिग क्याम्पसमा लागू हुनेछ ।

२. **परिभाषा** : (१)विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा -

(क) "**ऐन**" भन्नाले त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण नियम, २०५५ सम्झनुपर्छ ।

(ख) "**अन्य नियमहरू**" भन्नाले त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५०, सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० र आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम, २०५० सम्झनुपर्छ ।

(ग) "**नियमहरू**" भन्नाले नियम र अन्य नियमहरू सम्झनुपर्छ ।

(घ) "व्यवस्थापन तथा विकास परिषद्" भन्नाले अध्ययन संस्थान वा सङ्काय वा अनुसन्धान केन्द्रको व्यवस्थापन तथा विकास परिषद् सम्झनुपर्छ ।

(ङ) “**कार्यान्वयन समिति**” भन्नाले अध्ययन संस्थान वा सङ्कायको कार्यान्वयन समिति सम्झनुपर्छ ।

(च) “**व्यवस्थापन समिति**” भन्नाले आङ्गिक क्याम्पसको व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) “**कार्य समिति**” भन्नाले आङ्गिक क्याम्पसको कार्य समिति सम्झनुपर्छ ।

(ज) ◈“**तोकिएबमोजिम**” वा “**तोकिएको**” वा “**तोकेबमोजिम**” भन्नाले ऐन, अन्य नियमहरू यस नियमअन्तर्गतका विनियममा तोकिएबमोजिम सम्झनुपर्छ ।

(२) ऐन र अन्य नियममाा प्रयुक्त शब्द र वाक्यांशहरू यस नियममा प्रयुक्त भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या ऐन र नियमहरूकै अनुरूप गरिनेछ ।

---

◈ २०७३ असार २६ गते बसेको त्रि.वि. सभाको बैठकबाट संशोधन ।

# परिच्छेद - २

# अध्ययन संस्थान, सङ्काय तथा अनुसन्धान केन्द्रमा व्यवस्थापन तथा विकास परिषद्‌को गठन

३. **व्यवस्थापन तथा विकास परिषद्ः** (१) आर्थिक स्थिति, प्राज्ञिक दक्षता तथा संस्थागत क्षमताको आधारमा कार्यकारी परिषद्‌ले तोकको अध्ययन संस्थान वा सङ्काय वा अनुसन्धान केन्द्रको लागि व्यवस्थापन तथा विकास परिषद् गठन गर्नेछ । त्यस्तो परिषद्‌सम्बन्धित अध्ययन संस्थान, सङ्काय वा अनुसन्धान केन्द्रको नामअन्तर्गत प्रचलित हुनेछ ।

(२) अध्ययन संस्थान वा सङ्काय व्यवस्थापन तथा विकास परिषद्‌को गठनसम्बन्धित डीनको सिफारिसमा कार्यकारी परिषद्‌ले देहायअनुसार गर्नेछः

| | |
|---|---|
| (क) डीन | अध्यक्ष |
| (ख) सबै सहायक डीन | सदस्य |
| (ग) सम्बन्धित आङ्गिक क्याम्पस प्रमुखहरू | सदस्य |
| (घ) चिकित्साशास्त्र अध्ययन संस्थानको हकमा शिक्षण अस्पतालका कार्यकारी निर्देशक | सदस्य |
| (ङ) सम्बन्धित केन्द्रीय विभाग/विभागीय प्रमुखहरू मध्येबाट बढीमा पाँच जना | सदस्य |
| (च) भूतपूर्व डीनहरूमध्येबाट एक जना | सदस्य |
| (छ) अध्ययन संस्थान वा सङ्कायका शिक्षकहरू मध्येबाट अध्यक्षबाट मनोनीत तिन जना | सदस्य |
| (ज) जनशक्ति खपत गर्ने निकायबाट प्रतिनिधित्व हुने गरी दुई जना | सदस्य |

(झ) सम्बन्धित क्षेत्रका विशेषज्ञहरूमध्येबाट दुई जना — सदस्य

(ञ) सम्बन्धित पेशागत सङ्गठन/परिषद्बाट दुई जना — सदस्य

(ट) अभिभावकहरूमध्येबाट दुई जना — सदस्य

(ठ) प्राध्यापक सङ्घको एकाईका अध्यक्षहरूमध्येबाट एक जना — सदस्य

(ड) कर्मचारी सङ्घ एकाईका अध्यक्षहरूमध्येबाट एक जना — सदस्य

(ढ) स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्षहरूमध्येबाट एक जना — सदस्य

तर उचित र पर्याप्त कारणका आधारमा कार्यकारी परिषद्ले कुनै अध्ययन संस्थान वा सङ्कायको व्यवस्थापन तथा विकास परिषद्को माथि उल्लिखित गठनको प्रकारमा हेरफेर वा थपघट गर्न सक्नेछ।

(३) डीनले तोकेको सहायक डीनले सम्बन्धित अध्ययन संस्थान वा सङ्कायको व्यवस्थापन तथा विकास परिषद्को सदस्य-सचिव भई काम गर्नसक्नेछ।

(४) अनुसन्धान केन्द्रको व्यवस्थापन तथा विकास परिषद्को गठन सम्बन्धित कार्यकारी निर्देशकको सिफारिसमा कार्यकारी परिषद्ले देहायअनुसार गर्नेछः

(क) कार्यकारी निर्देशक — अध्यक्ष

(ख) सम्बन्धित डीनहरूमध्येबाट एक जना — सदस्य

(ग) सम्बन्धित केन्द्रीय विभाग/विभागका प्रमुखहरूमध्येबाट एक जना — सदस्य

(घ) वरिष्ठ अनुसन्धानकर्ताहरूमध्येबाट एक जना — सदस्य

(ङ) शिक्षकहरूमध्येबाट एक जना — सदस्य

तर उचित र पर्याप्त कारणका आधारमा कार्यकारी परिषद्ले कुनै अनुसन्धान केन्द्रको व्यवस्थापन तथा विकास परिषद्को माथि उल्लेखित गठनको प्रकारमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(५) कार्यकारी निर्देशकले तोकेको सदस्यले सम्बन्धित अनुसन्धान केन्द्रको व्यवस्थापन तथा विकास परिषद्को सदस्य-सचिव भै काम गर्नेछ ।

(६) पदेन सदस्यको पदावधि जुन पदको हैसियतले व्यवस्थापन तथा विकास परिषद्को सदस्य रहेको हो सो पदमा बहाल रहेसम्म र अन्य मनोनीत सदस्यहरूको पदावधि तिन वर्षको हुनेछ ।

(७) व्यवस्थापन तथा विकास परिषद्को बैठकमा अन्य व्यक्तिलाई अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले आमन्त्रण गर्न सक्नेछ ।

(८) व्यवस्थापन तथा विकास परिषद्को बैठकमा भाग लिएबापत अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिलाई तोकिएअनुसार बैठक भत्ता दिइनेछ ।

(९) व्यवस्थापन तथा विकास परिषद् उपकुलपति तथा कार्यकारी परिषद्प्रति उत्तरदायी हुनेछ ।

(१०) व्यवस्थापन तथा विकास परिषद्को बैठक कम्तीमा प्रत्येक चौमासिकमा एकपटक गर्नुपर्नेछ ।

४. **व्यवस्थापन तथा विकास परिषद्को काम, कर्तव्य र अधिकारः**

(१) अध्ययन संस्थान वा सङ्कायको व्यवस्थापन तथा विकास परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) ऐन, नियम र कार्य व्यवस्थापन प्रणालीभित्र रही सम्बन्धित अधययन संस्थान वा सङ्कायको सञ्चालन, नियन्त्रण, व्यवस्थापन र विकासको निमित्त नीति तय गरी कार्यान्वयन गराउनु,

(ख) अध्ययन संस्थान वा सङ्कायको अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयन गराउनु,

(ग) डीनलाई मार्गदर्शन र निर्देशन दिनु,

(घ) सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद् र विद्या परिषद्बाट तोकिएका अन्य कार्यहरू गर्नु गराउनु,

(ङ) आङ्गिक क्याम्पसका व्यवस्थापन समितिका काम कारबाही सुपरिवेक्षण गर्नु, अनुगमन गर्नु, तथा आवश्यक निर्देशन दिनु,

(च) अध्ययन संस्थान वा सङ्कायको कार्यान्वयन समितिका काम कारबाहीको सुपरिवेक्षण गर्नु, अनुगमन गर्नु तथा त्यस समितिलाई आवश्यक निर्देशन दिनु,

(छ) तोकिएका अन्य काम गर्नु गराउनु ।

(२) अनुसन्धान केन्द्रको व्यवस्थापन तथा विकास परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सम्बन्धित अनुसन्धान केन्द्रको सञ्चालन, नियन्त्रण, व्यवस्थापन र विकासको निमित्त नीति र योजना कार्यक्रम निर्धारण गरी तिनको कार्यान्वयन गर्नु गराउनु,

(ख) अनुसन्धान कार्यक्रम र अन्य कार्यहरूका लागि आन्तरिक सङ्गठन, आवश्यक साधन र स्रोतको व्यवस्था गर्नु,

(ग) विश्वविद्यालय र अन्य बाह्य निकायहरूको अनुसन्धान तथा अन्य परियोजना सञ्चालनका लागि स्वीकृति दिनु,

(घ) अनुसन्धान परियोजना, परामर्श सेवा र अन्य सम्बन्धित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु,

(ङ) अनुसन्धान केन्द्रबाट सञ्चालन गरिने अनुसन्धान परियोजना, तालिम र परामर्श तथा अन्य सेवाको लागि शुल्क, दस्तुर वा अन्य रकम तोक्ने वा तोक्न पाउने गरी कार्यकारी निर्देशकलाई अख्तियारी दिनु,

(च) अनुसन्धान केन्द्रमा स्वदेशी वा विदेशी सहायताबाट सञ्चालित विकास परियोजनाको लागि आवश्यक मोबिलाइजेसन फन्ड परिचालन गर्नु गराउनु,

(छ) स्वदेशी वा विदेशी सङ्घ वा व्यक्तिबाट दानदातव्य र सहयोग ग्रहण गर्नु,

(ज) विश्वविद्यालयबाट प्राप्त बजेट निकासा वा एकमुष्ट अनुदानबाहेक आफूद्वारा आर्जित वा प्राप्त आय वा मोबिलाइजेसन फन्ड वा दानदातव्य र सहयोग वा अन्य रकमबाट व्यवस्थापन प्रणालीबाट तोकिएबमोजिम वा सम्बन्धित सम्झौताबमोजिम विशेष कोष स्थापना गर्नु, त्यस्ता कोषबाट खर्च वा लगानी गर्नु गराउनु र तिनको लेखा राख्न लगाउनु, आन्तरिक लेखा परीक्षण गराउनु र विशेष कोषबाट भएका खर्च वा लगानी चौमासिक वित्तीय विवरण कार्यकारी परिषद्मा प्रस्तुत गर्नु,

(झ) अनुसन्धान वा परामर्श वा तालिम वा अन्य सेवासम्बन्धी परियोजनाका सन्दर्भमा ओभरहेड शीर्षकअन्तर्गत प्राप्त रकमको ३० (तिस) प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नु र यसबाहेक प्राप्त अन्य रकम तोकिएबमोजिम गर्नु,

(ञ) सङ्घ, संस्था वा प्रतिष्ठान वा व्यक्तिबाट लिनुपर्ने नयाँ वा अतिरिक्त घरौटी तोक्ने र त्यस्तो धरौटी फिर्ता दिनु वा जफत गर्नु वा लगानी गर्नु

(ट)♥

(ठ) रिक्त दरबन्दीहरूमा स्थायी पदपूर्तिको लागि विज्ञापन गर्न स्वीकृति दिनु, तर यसको जानकारी अविलम्ब कार्यकारी परिषद्लाई दिनुपर्नेछ ।

(ड) रिक्त रहेका दरबन्दीहरूलाई थप आर्थिक भर नपर्ने गरी अन्य विषय वा पदमा परिवर्तन गर्नु,

(ढ) आन्तरिक आयस्रोतबाट व्ययभार बहन गर्ने गरी बढीमा दुई वर्षको लागि अस्थायी दरबन्दी सृजना गर्नु र आवश्यक नभएका अस्थायी दरबन्दी खारेज गर्नु,

---

♥ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट खारेज ।

(ण) आन्तरिक आय स्रोतबाट व्ययभार वहन गर्ने गरी अन्य निमयहरूमा तोकिएबमोजिमको प्रक्रिया पुऱ्याई आगन्तुक प्राध्यापक र आगन्तुक सह प्राध्यापकको व्यवस्था गर्नु,

(त) परीक्षणकालमा कार्य सन्तोषजनक भएका शिक्षक, कर्मचारीहरूको परिक्षणकाल हटाई नियुक्ति वा बढुवाको समर्थनपत्र दिनु र कार्य सन्तोषजनक नभएको हकमा एक पटकलाई १ वर्षसम्मको परीक्षणकालको अवधि थप गर्नु,

(थ) कायम मुकायम मुकरर गर्न सकिने पदमा कायममुकायम मुकरर गर्नु,

(द) आन्तरिक आयस्रोतबाट व्ययभार गर्ने गरी वृत्ति विकास कार्यक्रम सञ्चालन गर्नु, गराउनु,

(ध) तोकिएको प्रक्रिया पुरा गरी स्वाध्ययन बिदा स्वीकृत गर्नु,

(न) शिक्षक, कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन आधार बनाई लागू गर्नु,

(प) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक वा अन्य सङ्घ संस्थाहरूसँग परियोजना, शैक्षिक कार्यक्रम वा अन्य विषयमा केन्द्रीय कार्यालयसँग समन्वय गरी सम्झौता गर्ने र सो अनुरूप कार्य गर्नु, गराउनु र

(फ) तोकिएका अन्य काम गर्नु, गराउनु ।

# परिच्छेद - ३
# अध्ययन संस्थान, सङ्काय कार्यान्वयन समितिको गठन

५. **कार्यान्वयन समितिः**

(१) अध्ययन संस्थान वा सङ्कायको सु-सञ्चालन र दरिलो विकासको लागि कार्यकारी परिषद्ले सम्बन्धित व्यवस्थापन तथा विकास परिषद्ले आफूमध्येबाट गरेको सिफारिसमा सम्बन्धित डीनको अध्यक्षतामा देहायअनुसारको एउटा कार्यान्वयन समिति गठन गर्नेछः

| | | | |
|---|---|---|---|
| १. | डीन | | अध्यक्ष |
| २. | सहायक डीनहरूमध्येबाट एक जना | | सदस्य |
| ३. | क्याम्पस प्रमुखहरूमध्येबाट एक जना | | सदस्य |
| ४. | शिक्षकहरूमध्येबाट दुई जना | | सदस्य |

(२) अध्यक्षले तोकेको कार्यान्वयन समितिको सदस्यले समितिको सदस्य-सचिव भई काम गर्नेछ ।

(३) पदेन सदस्यको पदावधि जुन पदको हैसियतले कार्यान्वयन समितिको सदस्य रहेको हो सो पदमा बहाल रहेसम्म र अन्य मनोनीत सदस्यहरूको पदावधि तिन वर्षको हुनेछ ।

(४) कार्यान्वयन समितिको बैठकमा आवश्यकतानुसार अन्य पदाधिकारी, शिक्षक, कर्मचारी वा व्यक्तिलाई अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले आमन्त्रण गर्न सक्नेछ ।

(५) बैठकमा भाग लिएबापत कार्यान्वयन समितिका अध्यक्ष, सदस्यहरू र आमन्त्रित व्यक्तिलाई तोकेअनुसार बैठक भत्ता प्रदान गरिनेछ ।

(६) कार्यान्वयन समितिको कुनै सदस्यको पदावधि नसकिँदै पद रिक्त हुन आएमा सम्बन्धित व्यवस्थापन तथा विकास परिषद्का सदस्यहरूमध्येबाट बाँकी अवधिको लागि डीनको सिफारिशमा उपकुलपतिद्वारा मनोनीत गरी पदपूर्ति गरिनेछ ।

(७) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछः

(क) कार्यकारी परिषद्बाट तोकिएको शुल्क, दस्तुर वा अन्य रकमको अतिरिक्त अन्य थप शुल्क तोक्नु,

(ख) विकास परियोजनाको लागि आवश्यक मोविलाइजेसन फन्ड परिचालन गर्नु, आवश्यकतानुसार विशेष कोषको व्यवस्था गरी सञ्चालन गर्नु, गराउनु,

(ग) स्वदेशी वा विदेशी सङ्घ संस्था वा व्यक्तिबाट दानदातव्य र सहयोग ग्रहण गर्नु,

(घ) अनुसन्धान वा परामर्श वा तालिम वा अन्य सेवासम्बन्धी परियोजनाको सन्दर्भमा आर्जित रकम (ओभर हेड) को ३० प्रतिशत विश्वविद्यालय कोषमा जम्मा गर्नु र बाँकी रकम छुट्टै कोषमा जम्मा गरी व्यवस्थापन तथा विकास परिषद्बाट बजेट स्वीकृति गराई खर्च गर्नु गराउनु,

(ङ) रकमान्तर गर्न नसकिने शीर्षकबाहेक अन्य शीर्षकबाट विनियोजित बजेटको ३० प्रतिशतसम्म रकमान्तर गर्नु,

(च) सङ्घ संस्था वा प्रतिष्ठान वा व्यक्तिबाट लिनुपर्ने नयाँ वा अतिरिक्त धरौटी तोक्नु र त्यस्तो धरौटी दिनु वा जफत गर्नु वा लगानी गर्नु,

(छ)[♥]

(ज) रिक्त दरबन्दीहरूमा स्थायी पदपूर्तिको लागि विज्ञापन गर्न स्वीकृति दिनु, तर यसको जानकारी अविलम्ब कार्यकारी परिषद्लाई दिनुपर्नेछ ।

(झ) रिक्त रहेका दरबन्दीहरूलाई थप आर्थिक भार नपर्ने गरी अन्य विषय वा पदमा परिवर्तन गर्नु,

(ञ) रिक्त दरबन्दीलाई आफ्नो अध्ययन संस्थान वा सङ्कायअन्तर्गत एक निकायबाट अर्को निकायमा सार्नु,

(ट) अध्ययन संस्थान वा सङ्कायभित्र शिक्षक, कर्मचारीहरूलाई दरबन्दीसहित सरुवा गर्नु,

(ठ) शिक्षक र कर्मचारीहरूको पदस्थापना गर्नु

(ड) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी बढीमा दुई वर्षको लागि अस्थायी दरबन्दी सृजना गर्नु र आवश्यक नभएका अस्थायी दरबन्दी खारेज गर्नु,

(ढ) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी तोकिएबमोजिमको प्रक्रिया पुर्‍याई आगन्तुक प्राध्यापक र आगन्तुक सह प्राध्यापकको व्यवस्था गर्नु,

(ण) परीक्षणकालमा कार्य सन्तोषजनक भएका शीर्षक कर्मचारीहरूको परीक्षणकाल हटाई नियुक्ति वा बढुवाको समर्थनपत्र दिनु र कार्य सन्तोषजनक नभएको हकमा एक पटकलाई १ वर्ष सम्मको परीक्षणकालको अवधि थप गर्नु,

(त) कायममुकायम मुकरर गर्न सकिने पदमा कायममुकायम मुकरर गर्नु,

---

[♥] २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट खारेज

(थ) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी वृत्ति विकास कार्यक्रम सञ्चालन गर्नु,

(द) तोकिएको प्रक्रिया पुरा गरी स्वाध्ययन बिदा स्वीकृत गर्नु,

(ध) शिक्षक, कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाई लागु गर्नु,

(न) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक वा अन्य सङ्घ संस्थाहरूसँग परियोजना, शैक्षिक कार्यक्रम वा अन्य विषयमा केन्द्रीय कार्यालयसँग समन्वय गरी सम्झौता गर्नु र सोअनुरूप कार्य गर्नु, गराउनु,

(प) आचारसंहिता उल्लङ्घन गरेबापत विद्यार्थीमाथि भएको कारबाहीमा पुनरावेदन सुनी अन्तिम निर्णय गर्नु,

(फ) शिक्षक, कर्मचारीहरूलाई नियममा व्यवस्था भएअनुसारको सामान्य सजाय गर्नु,

(व) आन्तरिक आय स्रोतबाट व्ययभार बेहोर्ने गरी अध्ययन संस्थान वा सङ्कायअन्तर्गतका पदाधिकारी, शिक्षक र कर्मचारीलाई अतिरिक्त पारिश्रमिक, पुरस्कार वा प्रशंसापत्र, सहुलियत वा अन्य सुविधाको व्यवस्था गर्नु,

(भ) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गर्नु र

(म) तोकिएका अन्य कार्यहरू गर्नु, गराउनु ।

❖५(क)(१) त्रि.वि. सेवासम्बन्धी कुनै पद कुनै कारणले रिक्त भएमा र सो पदमा अस्थायी वा करार नियुक्ति गर्नुपर्ने भएमा सेवा आयोगले प्रकाशित गरेको अस्थायी वा करार योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित निकायले नियुक्ति गर्नेछ ।

(२) अस्थायी वा करारमा नियुक्ति भएका व्यक्तिको पदावधि सेवा आयोगबाट स्थायी व्यक्ति सिफारिस भई नआएमा बढीमा छ महिनासम्म हुनेछ । यसरी रिक्त रहेको पदमा सेवा आयोगबाट स्थायी व्यक्ति सिफारिस भई नआउन्जेलसम्मका लागि तोकिएको पदाधिकारीले अस्थायी वा करारको म्याद थप गर्न सक्नेछ। तर यस नियमबमोजिम नियुक्त भएका शिक्षक कर्मचारी नियुक्ति पाए लगत्तै हुने सेवा आयोगको परीक्षामा सफल नभएमा म्याद थप गर्न सकिनेछैन ।

---

❖ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट थप व्यवस्था

# परिच्छेद – ४
# आङ्गिक  क्याम्पसका व्यवस्थापन समितिको गठन

६. **व्यवस्थापन समितिः**

(१) आर्थिक, प्राज्ञिक तथा संस्थागत क्षमताको विवरणसहितको डीनको सिफारिसमा कार्यकारी परिषद्ले तोकेको आङ्गिक  क्याम्पसमा निम्न बमोजिमको एक व्यवस्थापन समिति गठन गरिनेछ । यस्तो व्यवस्थापन समिति सम्बन्धित क्याम्पसको नामअन्तर्गत प्रचलित हुनेछ ।

| | | |
|---|---|---|
| (क) | क्याम्पस प्रमुख | अध्यक्ष |
| (ख) | केन्द्रीय विभाग/विभागीय प्रमुखमध्येबाट तिन जना | सदस्य |
| (ग) | ◈क्याम्पसका सहायक क्याम्पस प्रमुखहरू | सदस्य |
| (घ) | शिक्षकमध्येबाट दुई जना | सदस्य |
| (ङ) | ◈क्याम्पस नगरपालिका क्षेत्रमा रहेमा नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष र गा.वि.स .क्षेत्रमा रहेको भए गा.वि.स. प्रमुख | सदस्य |
| (च) | ◈सम्बन्धित क्याम्पसमा अध्ययनरत विद्यार्थीको अभिभावकमध्येबाट दई जना | सदस्य |
| (छ) | चन्दादाता/शिक्षाप्रेमीमध्येबाट दुई जना | सदस्य |

◈ २०७३ असार २६ गते बसेको त्रि.वि. सभाको बैठकबाट संशोधन

(ज) प्राध्यापक सङ्घ एकाइको अध्यक्ष — सदस्य

(झ) कर्मचारी सङ्घ एकाइको अध्यक्ष — सदस्य

(ञ) स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्ष — सदस्य

❖(ट) क्याम्पसको प्रशासन हेर्ने कर्मचारी प्रमुख एक जना — सदस्य

❖(ठ) क्याम्पसको लेखा हेर्ने लेखा प्रमुख एक जना — सदस्य

तर, उचित र पर्याप्त कारणका आधारमा कार्यकारी परिषदेले कुनै आङ्गिक क्याम्पसको हेरफेर वा थपघट गर्न सक्नेछ ।

(२) अध्यक्षले तोकेको सदस्य सहायक क्याम्पस प्रमुखले व्यवस्थापन समितिको सदस्य-सचिव भै काम गर्नेछ ।

(३)◈ सदस्यहरूको मनोनयन सम्बन्धित क्याम्पस प्रमुखको सिफारिसमा कार्यकारी परिषदले गर्नेछ ।

(४) पदेन सदस्यको पदावधि जुन पदको हैसियतले व्यवस्थापन समितिको सदस्य रहेको हो सो पदमा बहाल रहेसम्म र अन्य मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ । व्यवस्थापन समितिको कुनै सदस्यको पदावधि नसकिँदै पद रिक्त हुन आएमा बाँकी अवधिको निमित्त सदस्यको मनोनयन अध्ययन संस्थानअन्तर्गतका क्याम्पसहरूको हकमा कार्यकारी परिषद्ले गर्नेछ ।

५) व्यवस्थापन समिति सम्बन्धित व्यवस्थापन तथा विकास परिषद्प्रति र सो नभएको अवस्थामा कार्यकारी परिषद्प्रति उत्तरदायी हुनेछ ।

(६) व्यवस्थापन समितिको बैठकमा अन्य व्यक्तिलाई अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले आमन्त्रण गर्न सक्नेछ ।

---

❖ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट थप व्यवस्था

◈ २०७३ असार २६ गते बसेको त्रि.वि. सभाको बैठकबाट संशोधन

(७) व्यवस्थापन समितिको बैठकमा भाग लिएबापत अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिलाई तोकिएअनुसारको बैठक भत्ता दिइनेछ ।

(८) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरू देहायअनुसार हुनेछ

(क) क्याम्पसको सञ्चालन, नियन्त्रण, व्यवस्थापन र विकासको निमित्त नीति तय गर्नु,

(ख) क्याम्पसको अल्पकालीन र दीर्घकालीन योजना निर्माण गर्नु,

(ग) क्याम्पसलाई मार्गदर्शन दिनु,

(घ) सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, विद्या परिषद्, सङ्काय वा अध्ययन संस्थानबाट तोकिएका अन्य कार्यहरू गर्नु गराउनु,

(ङ) क्याम्पसको कार्य समितिको काम कारबाही सुपरिवेक्षण गर्नु, अनुगमन गर्नु तथा त्यस समितिलाई आवश्यक निर्देशन दिनु र

(च) तोकिएका अन्य काम गर्नु गराउनु ।

# परिच्छेद – ५
# आङ्गिक क्याम्पसमा कार्य समितिको गठन

७. **कार्य समितिः**

(१) क्याम्पसको सु-सञ्चालन र दरिलो विकासको लागि सम्बन्धित क्याम्पस व्यवस्थापन समितिले आफूमध्येबाट गरेको सिफारिसमा सम्बन्धित क्याम्पस प्रमुखको अध्यक्षतामा कार्यकारी परिषद्ले देहायअनुसारको एउटा कार्य समिति गठन गर्नेछः

| | | |
|---|---|---|
| क) | क्याम्पस प्रमुख | अध्यक्ष |
| ख) | केन्द्रीय विभाग/विभागीय प्रमुख मध्येबाट एक जना | सदस्य |
| ग) | शिक्षकहरूमध्येबाट दुई जना | सदस्य |
| घ) | सहायक क्याम्पस प्रमुखमध्येबाट एक जना | सदस्य-सचिव |

(२) पदेन सदस्यको पदावधि जुन पदको हैसियतले यस परिषद्को सदस्य रहेको हो सो पदमा बहाल रहेसम्म र अन्य मनोनीत सदस्यहरूको पदावधि तिन वर्षको हुनेछ ।

(३) कार्य समितिको बैठकमा आवश्यकतानुसार अन्य पदाधिकारी, शिक्षक, कर्मचारी वा व्यक्तिलाई अध्यक्षको स्वीकृति लिई सदस्य-सचिवले आमन्त्रण गर्न सक्नेछ ।

(४) बैठकमा भाग लिएबापत कार्य समितिका अध्यक्ष, सदस्यहरू र आमन्त्रित सदस्यलाई तोकेअनुसार बैठक भत्ता प्रदान गरिनेछ ।

(५) कार्य समितिको कुनै सदस्यको पदावधि नसकिँदै पद रिक्त हुन आएमा सम्बन्धित व्यवस्थापन समितिका सदस्यहरूमध्येबाट बाँकी अवधिका लागि क्याम्पस प्रमुखको सिफारिसमा अध्ययन संस्थानको हकमा डीनद्वारा र सङ्कायको हकमा उपकुलपतिद्वारा मनोनीत गरी पदपूर्ति गरिनेछ ।

❖(५क) कार्य समितिका कुनै सदस्यले राजिनामा दिएमा कार्य समितिले उक्त राजिनाममा सँगै खाली पदमा नयाँ सदस्यको नामावलीको सिफारिससहित कार्यकारी परिषद्मा स्विकृतिको लागि पठाउनु पर्नेछ ।

(६) कार्य समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछः

(क) व्यवस्थापन समितिले तय गरेका नीति तथा योजनाहरू कार्यान्वयन गर्नु, गराउनु,

❖(क१)क्याम्पसले आर्जन गरेको अतिरिक्त शुल्क वा अन्य आयबाट कुन कुन शीर्षकमा कति खर्च गर्ने हो त्यसको किटान गरी बजेट तर्जुमा गर्दा समावेश गर्नु पर्ने र त्यस्तो आन्तरिक श्रोतबाट स्वीकृत भएको शीर्षकमा क्याम्पस व्यवस्थापन समितिको स्वीकृति लिएर क्याम्पस कार्य समितिले नियमानुसार खर्च गर्ने व्यवस्था मिलाउनु,

(ख) ◈कार्यकारी परिषद्बाट तोकिएको शुल्क, दस्तुर वा अन्य रकमका अतिरिक्त अन्य थप शुल्क तोक्नु त्यस्तो थप शुल्क निर्धारणको निर्णयलाई त्यस पछिको लगतै व्यवस्थापन समितिबाट समर्थन गराउनु,

(ग) विकास परियोजनाको लागि आवश्यक मोविलाइजेसन फन्ड परिचालन गर्नु, आवश्यकतानुसार विशेष कोषको व्यवस्था गरी सञ्चालन गर्नु,गराउनु,

---

❖ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट थप व्यवस्था

◈ २०७३ असार २६ गते बसेको त्रि.वि. सभाको बैठकबाट संशोधन

(घ) अनुसन्धान वा परामर्श वा तालिम वा अन्य सेवासम्बन्धी परियोजनाको सन्दर्भमा आर्जित रकम (ओभरहेड) को ३० प्रतिशत विश्वविद्यालय कोषमा जम्मा गर्नु, बाँकी रकम छुट्टै कोषमा जम्मा गरी व्यवस्थापन समितिबाट बजेट स्वीकृति गराई खर्च गर्नु, गराउनु,

(ङ) रकमान्तर गर्न नसकिने शीर्षकबाहेक अन्य शीर्षकबाट विनियोजित बजेटको तीस प्रतिशतसम्म रकमान्तर गर्नु,

(च) ◈स्वदेशी वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट दानदातव्य र सहयोग ग्रहण गर्नु र त्यसको जानकारी विश्वविद्यालय केन्द्रीय कार्यालयलाई सम्बन्धित डीन कार्यालय मार्फत जानकारी गराउनु,

(छ)♥

(ज) ◈रिक्त दरबन्दीमा स्थायी पदपूर्तिको लागि त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा माग गर्नु,

(झ) ◈रिक्त रहेका दरबन्दीहरूलाई थप आर्थिक भार नपर्ने गरी अन्य विषय वा पदमा परिवर्तन गर्नु र सो को जानकारी केन्द्रीय कार्यालयलाई दिनु पर्ने,

(ञ) आन्तरिक आय स्रोतबाट व्ययभार ब्होर्ने गरी बढीमा दुई वर्षको लागि अस्थायी दरवन्दी सृजना गर्नु र आवश्यक नभएका अस्थायी दरबन्दी खारेज गर्नु,

(ट) ◈आवश्यक प्रकृया पुरा गरी आन्तरिक आयश्रोतबाट व्ययभार बेहोर्ने गरी अस्थायी, करार शिक्षक नियुक्ति गर्नु र सो को जानकारी त्रि.वि. कर्मचारी प्रशासन महाशाखामा गराउनु,

---

◈ २०७३ असार २६ गते बसेको त्रि.वि. सभाको बैठकबाट संशोधन

♥ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट खारेज ।

❖(ट१) आन्तरिक श्रोतबाट तलब भत्ता बेहोर्ने गरी नियुक्ति भएका शिक्षक कर्मचारीहरूलाई त्रि.वि.बाट स्वीकृत स्थायी दरबन्दी रिक्त रहेमा त्यस्तो रिक्त दरबन्दीमा समावेश गर्न र त्यसरी नियुक्ति भएका शिक्षक कर्मचारीहरूको तलब, भत्ता त्रि.वि. बाट माग गर्न पाइनेछैन,

(ठ) परीक्षणकालमा कार्य सन्तोषजनक भएका शिक्षक कर्मचारीहरूको परीक्षणकाल हटाई नियुक्ति वा बढुवाको समर्थन पत्र दिनु र कार्य सन्तोषजनक नभएको हकमा एक पटकलाई १ वर्षसम्मको परीक्षणकालको अवधि थप गर्नु,

(ड) कायम मुकायम मुकरर गर्न सकिने पदमा कायममुकायम मुकरर गर्नु,

(ढ) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी वृत्तिविकास कार्यक्रम सञ्चालन गर्नु,

(ण) तोकिएको प्रक्रिया पुरा गरी स्वाध्ययन बिदा स्वीकृत गर्नु,

(त) शिक्षक, कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन आधार बनाई लागू गर्नु,

(थ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक वा अन्य सङ्घ, संस्थाहरूसँग परियोजना, शैक्षिक कार्यक्रम वा अन्य विषयमा केन्द्रीय कार्यालयसँग समन्वय गरी सम्झौता गर्नु र सो अनुरूप  कार्य गर्नु, गराउनु,

(द) आचारसंहिता उल्लङ्घन गरेबापत विद्यार्थीमाथि भएको कारबाहीमा पुनरावेदन सुनी अन्तिम निर्णय दिनु,

(ध) शिक्षक, कर्मचारीहरूलाई नियममा व्यवस्था भएअनुसारको सामान्य सजाय गर्नु,

(न) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी आफ्नो अन्तर्गतका शिक्षक र कर्मचारीलाई अतिरिक्त पारिश्रमिक, पुरस्कार वा प्रशंसापत्र, सहुलियत वा अन्य सुविधाको व्यवस्था गर्नु र

---

❖ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट थप व्यवस्था

(प) आन्तरिक आयस्रोतबाट व्ययभार बेहोर्ने गरी विद्यार्थीहरूका लागि छात्रवृत्तिका व्यवस्था गर्नु,

❖७क(१)त्रि.वि. सेवासम्बन्धी कुनै पद कुनै कारणले रिक्त भएमा र सो पदमा अस्थायी वा करार नियुक्ति गर्नुपर्ने भएमा सेवा आयोगले प्रकाशित गरेको अस्थायी वा करार योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित निकायले नियुक्ति गर्नेछ ।

(२) अस्थायी वा करारमा नियुक्ति भएका व्यक्तिको पदावधि सेवा आयोगबाट स्थायी व्यक्ति सिफारिस भई नआएमा बढीमा छ महिनासम्म हुनेछ । यसरी रिक्त रहेको पदमा सेवा आयोगबाट स्थायी व्यक्ति सिफारिस भई नआउन्जेलसम्मका लागि तोकिएको पदाधिकारीले अस्थायी वा करारको म्याद थप गर्न सक्नेछ । तर यस नियमबमोजिम नियुक्त भएका शिक्षक कर्मचारी नियुक्ति पाए लगत्तै हुने सेवा आयोगको परीक्षामा सफल नभएमा म्याद थप गर्न सकिनेछैन ।

---

❖ २०७३ असार २६ गते बसेको त्रि. वि. सभाको बैठकबाट थप व्यवस्था

# परिच्छेद – ६
# एकमुष्ठ अनुदान

८. **एकमुष्ठ अनुदानः**

(१) अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र वा आङ्गिक क्याम्पसलाई यो नियमअन्तर्गत एकमुष्ठ अनुदान दिन सकिनेछ । त्यस्तो अनुदान दिँदा पूँजीगत, सञ्चालन तथा अन्य खर्च आवश्यकताअनुसार खुलाई दिन सकिनेछ ।

(२) एकमुष्ठ अनुदान प्राप्त गर्ने अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र वा क्याम्पसले उक्त अनुदान रकम र आफूले आर्जन गरेको रकमसमेत मिलाई वार्षिक बजेट तयार गरी सम्बन्धित व्यवस्थापन तथा विकास परिषद् वा व्यवस्थापन समितिबाट पारित गराई खर्च गर्न सकिनेछ ।

(३) वित्तीय कारोबारहरू र कोषहरूको व्यवस्थापन, नियन्त्रण र आन्तरिक लेखा परीक्षण तोकिएबमोजिम हुनेछ ।

# परिच्छेद - ७
# विविध

९. **विविधः**

(१) अन्य नियमहरूमा जुनसुकै कुरा र व्यवस्था लेखिएको भए तापनि यस नियममा लेखिएको कुरा र व्यवस्थाको हकमा यस नियमबमोजिम र अन्य कुरा र व्यवस्थाका सम्बन्धमा प्रचलित अन्य नियमहरूबमोजिम हुनेछ ।

(२) यस नियमबमोजिम काम कारबाही गर्दा गराउँदा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ हटाउने वा फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

(३) ऐन र यस नियमको उद्देश्यसित नबाँझिने गरी तोकिएबमोजिम गर्ने वा प्रचलनमा भएका कुराहरू यसै नियमअनुसार भए गरेको मानिनेछ ।

(४) यस नियमको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ र कार्यकारी परिषद्ले गरेको व्याख्यालाई अन्तिम मानिनेछ ।

(५) व्यवस्थापन तथा विकास परिषद्, कार्यान्वयन समिति, व्यवस्थापन समिति र कार्य समितिले आफ्नो केही अधिकारहरू आफूअन्तर्गतका कुनै पदाधिकारी, शिक्षक, अधिकृत, कर्मचारी, समिति वा उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(६) ◈यस निमयको उद्देश्य पूर्ति गर्न कार्यकारी परिषद्ले बनाई लागु गर्न सक्नेछ ।

(७) यो नियम लागू भएका अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र वा आङ्गिक क्याम्पसको हकमा त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५०,को नियम ८, १२ र ३६ खारेज भएको मानिनेछ ।

---

◈ २०७३ असार २६ गते बसेको त्रि.वि. सभाको बैठकबाट संशोधन

(८) अन्यथा जेसुकै लेखिएको भए तापनि व्यवस्थापन समिति र कार्य समिति गठन भएका क्याम्पसहरूमा सोही समितिहरू र सो नभएका आङ्गिक क्याम्पसहरूमा सम्बन्धित व्यवस्थापन तथा विकास परिषद् अख्तियारवाला भई कार्यक्रम सम्पादन गर्नेछ ।

(९) नियममा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन संस्थान, सङ्काय, अनुसन्धान केन्द्र वा आङ्गिक क्याम्पसका पदाधिकारीलाई अन्य नियमबाट प्रदान अधिकार घटाएको वा लुप्त गरेको मानिने छैन ।

**मुद्रकः**
त्रिभुवन विश्वविद्यालय छापाखाना
कीर्तिपुर, काठमाडौं, नेपाल ।
फोन नं. ४३३१३२०, ४३३१३२१